# आर्थिक वर्ष २०७७/७८ को प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** आर्थिक वर्ष २०७७/०७८ को सेवा र कार्यको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बाञ्छनीय भएकोले,

प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम, "विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन विक्रम सम्वत् २०७७ साल साउन १ गते देखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/७८ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकारः** आर्थिक वर्ष २०७७/०७८ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्चको समेत उल्लेख गरी महल ७ मा उल्लिखित जम्मा

रु.३३,२७,७२,७०,०००/- (अक्षरेपी तेत्तीस अर्ब सत्ताईस करोड बहत्तर लाख सत्तरी हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७/०७८ को लागि अनुसूची- २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ ।

(२ ) उपदफा (१) बमोजिमका अनुसूची - २ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान संख्यामा बचत हुने र कुनै अनुदान संख्यामा अपुग हुने देखिन आएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले बचत हुने अनुदान संख्याबाट अपुग हुने अनुदान संख्यामा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२ ) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन, चालु तथा पूँजीगत खर्च र खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान संख्याभित्रका बजेट शीर्षक वा उपशीर्षकमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत

सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) स्थानीय तहका लागि अनुदान संख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान संख्यामा रकमान्तर हुने छैन ।

(५) उपदफा (१), (२ ) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ६०१ र ६०२ मा विनियोजन भएको रकम जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरणः</u> (१) अनुदान संख्या ८०१ को रकम स्थानीय तहले प्रचलित कानून बोजिम खर्च गर्न पाउने गरी अनुदानको रुपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकम मध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा आर्थिक वर्षको त्रैमासिक रुपमा चार किस्तामा दाखिल गर्नेछ ।

(३) उपदफा (२ ) मा जुनसुकै कुरा लेखिएको भए तापनि मूलुकमा विपद् वा कुनै असामान्य परिस्थिति उत्पन्न भई लक्ष्य अनुरुप राजश्व संकलन हुन नसकेमा प्रदेश सरकारले उपदफा (२) बमोजिमको पहिलो किस्ता बाहेक अन्य किस्ता र सो वापतको रकम संकलित राजश्वको अनुपात अनुसार पुनः निर्धारण गरी प्रदेश सरकारले निर्धारण गरेको समयमा प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा दाखिल गर्नेछ ।

(४) उपदफा (२) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण

स्थानीय तहले सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई  कार्यालयमा प्रत्येक आर्थिक वर्षको त्रैमासिक र वार्षिक आर्थिक विवरण अर्को वर्षको साउन पच्चीस गतेभित्र पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान वापतको बाँकी रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा दाखिल गरिने छैन ।

(६) उपदफा (१) बमोजिमको अनुदान रकम मध्ये सशर्त अनुदान रकमको एक चौथाईले हुन आउने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा आर्थिक वर्षको भाद्र मसान्तभित्र दाखिल गर्नेछ ।

(७) स्थानीय तहले सशर्त अनुदान बापतको खर्च भएको रकमको अर्धवार्षिक विवरण माघ पन्ध्र

गतेभित्र र वार्षिक आर्थिक विवरण अर्को आर्थिक वर्षको साउन पन्ध्र गतेभित्र  सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नुपर्नेछ ।

(८) उपदफा (७) बमोजिमको खर्चको विवरणको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालयले उपदफा (६) बमोजिम स्थानीय तहमा हस्तान्तरण भएको सशर्त अनुदानको रकम समायोजन गरी बाँकी रकम सोधभर्ना निकासा दिनुपर्नेछ।

(९) उपदफा (७) बमोजिमको विवरण प्राप्त नभएसम्म सशर्त अनुदान वापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन ।

(१०) प्रदेश सरकारले स्वीकृत गरेको कार्यविधि बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले स्थानीय तहलाई समपुरक र विशेष अनुदान हस्तान्तरण गर्नु पर्नेछ ।

(११) सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाइ कार्यालय मार्फत प्रदेश सञ्चित कोषमा फिर्ता दाखिल गर्नु पर्नेछ ।

(१२) उपदफा (११) बमोजिम अनुदानको रकम फिर्ता दाखिल नभएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नेछ ।

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

५. सशर्त अनुदान सम्बन्धी व्यवस्था: (१) प्रदेश सरकारले स्थानीय तहलाई देहायको आधारमा सशर्त अनुदान उपलब्ध गराउनेछः

(क) कोभिड-१९ को नकरात्मक प्रभावलाई सम्बोधन गर्न स्थानीय

तहबाट सञ्चालन गरिनु पर्ने तत्काल खास योजना तथा कार्यक्रम,

(ख) स्वास्थ्य सेवाको क्षेत्र, पूर्वाधार विकासको क्षेत्र, शिक्षा विकासको क्षेत्र र कृषि उत्पादनको क्षेत्र विशेषका योजना तथा कार्यक्रम,

(ग) स्थानीय तहको शैक्षिक विकासको लागि सञ्चालन गरिने शैक्षिक योजना तथा कार्यक्रम,

प्रदेश सरकार
प्रदेश नं. २

(घ) संविधानको अनुसूची-८ मा सूचीकृत कामहरु स्थानीय तहका सरकारहरुबाट कार्यान्वयन गराउँदा पूर्वाधार समेतका योजना तथा कार्यक्रम,

(ङ) स्थानीय सरकारबाट कार्यान्वयन गराउने संविधानको अनुसूची-७ मा भएका कार्यक्रम,

(च) स्थानीय सरकारबाट कार्यान्वयन गराउने संविधानको अनुसूची-९ मा दिइएका कार्यक्रम,

(छ) प्रदेश सरकारले स्थानीय तहबाट संचालन गरिनुपर्ने कुनै राष्ट्रिय तथा प्रादेशिक नीति, योजना तथा कार्यक्रम वा मानक स्थानीय तह मार्फत लागु गराउने कार्यक्रम,

(ज) कुनै स्थानीय तहको कामबाट अरु स्थानीय तहलाई प्रभाव पर्ने योजना तथा कार्यक्रम,

(झ) पूर्वाधार विकासका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रम,

(ञ) आधारभूत स्वास्थ्य सेवा सम्बन्धी योजना तथा कार्यक्रम स्थानीय तहको सन्तुलित विकासका लागि सञ्चालित योजना तथा कार्यक्रम,

(ट) आर्थिक सामाजिक वा अन्य कुनै प्रकारको विभेद न्यूनीकरण गर्नको लागि सञ्चालित योजना तथा कार्यक्रम, र

(ठ) जनतालाई पुऱ्याउनु पर्ने सेवा सम्बन्धी विविध कार्यक्रम ।

तर, कार्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने प्रकृतिको खर्च, सीमित वर्ग तथा व्यक्तिको पारिवारिक फाइदा पुग्ने प्रकृतिका योजना तथा कार्यक्रम, राष्ट्रिय एकता तथा धार्मिक, साँस्कृतिक, सामाजिक सद्भावमा खलल पुग्ने योजना तथा कार्यक्रमहरु, वातावरण संरक्षणमा प्रतिकूल प्रभाव पार्ने योजना तथा कार्यक्रमहरु,

आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश सरकार प्रदेश नं. २ जनकपुरधाम, धनुषा

दोहोरो पर्ने खालका योजना तथा कार्यक्रमहरु छनौट गर्न पाइने छैन ।

(२) प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानबाट कार्यान्वयन हुने आयोजना कार्यक्रमको निर्धारित समायावधिमा सम्पन्न नगरेमा बाँकी कार्यको लागि समायावधि थप गरी निकासा दिइने छैन।

६. विशेष अनुदान सम्बन्धी व्यवस्थाः प्रदेश सरकारबाट स्थानीय तहमा प्रदान गर्ने विशेष अनुदान देहायका आधारमा प्रदान गरिनेछः-

(क) शिक्षा क्षेत्रमा सबैभन्दा कम साक्षरता प्रतिशत भएका क्षेत्र वा समुदायको उत्थानको लागि सञ्चालन गरिने शैक्षिक विकासका योजना तथा कार्यक्रमहरु,

(ख) स्वास्थ्य क्षेत्रमा स्वास्थ्य केन्द्र नभएका, कुपोषणको अवस्था र शिशु

मृत्युदर, बाल मृत्युदर तथा मातृ मृत्युदर राष्ट्रिय औषत भन्दा बढी भएका क्षेत्रमा संचालन गरिने स्वास्थ्य सम्बन्धी योजना तथा कार्यक्रमहरु,

(ग) खानेपानी क्षेत्रमा खानेपानीको समस्या भोगिरहेका खानेपानीको धारा तथा मुहान सामुदायिक बस्तीबाट टाढा भएका बस्ती वा समुदायमा खानेपानी सेवा उपलव्ध गराउन संचालन गरिने योजना तथा कार्यक्रमहरु,

(घ) खाद्यान्न सम्बन्धमा सम्बन्धित क्षेत्रमा वर्षभरिको खाद्यान्न उत्पादनबाट ६ महिना भन्दा बढी खाद्यान्न अपुग हुने क्षेत्रमा उत्पादन अभिबृद्धि गर्ने मल बिउ तथा कृषिउपकरण उपलव्ध

गराउन संचालन गरिने विशेष खाद्यान्न उत्पादन अभिबृद्धि कार्यक्रम तथा खाद्यान्न वितरण योजना तथा कार्यक्रमहरु,

(ङ) कुनै पिछडिएको क्षेत्र विशेषलाई लक्षित गरी सञ्चालन गरिने आधारभूत सेवा आपूर्ति सम्बन्धी योजना तथा कार्यक्रमहरु,

(च) कुनै अल्पसंख्यक र पिछडिएको वा पछाडि पारिएको समुदायको समुत्थान क्षमता सबलीकरण गरिने विशेष योजना तथा कार्यक्रमहरु ।

७. <u>समपुरक अनुदान सम्बन्धी व्यवस्थाः</u> (१) स्थानीय तहले समपुरक अनुदानबाट संचालन गर्ने योजना तथा कार्यक्रमको छनौट गर्दा, देहाय बमोजिमको आधारमा गर्नु पर्नेछः-

(क) भौतिक पूर्वाधारका क्षेत्रहरु जस्तो सडक, सिंचाई, खानेपानी, पर्यटन, खेलकुद तथा पुलपुलेसा लगायतका क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रम छनौट गर्ने,

(ख) स्थानीय तहको आफ्नै स्रोतबाट तथा समानीकरण, सशर्त र विशेष अनुदानबाट सञ्चालित योजना तथा कार्यक्रम तथा विगतमा सम्पन्न भएका योजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनौट गर्ने,

(ग) आवश्यकता, औचित्यता, दीगोपना, लाभान्वित हुने सम्भाव्य जनसंख्याको प्रतिशत तथा प्राप्त हुने उपलब्धिको ठोस आँकलन आदिको विश्लेषण गर्ने,



आर्थिक मामिला तथा योजना मन्त्रालय जनकपुरधाम, धनुषा

(घ) सम्बन्धित क्षेत्रका जनताको आयस्तर वृद्धि गर्ने, आधारभूत भौतिक पूर्वाधारको विकासमा सहयोग पुग्ने, गरिबी कम गर्न सहयोग पुग्ने, रोजगारी सिर्जनामा मद्दत पुग्ने र स्थानीय सीप, साधन र श्रोतको अधिकतम उपयोग हुने ।

(२) पुर्वाधार विकास सम्बन्धी योजना तथा कार्यक्रमहरुमा स्थानीय तहले समपुरक अनुदान माग गर्दा उपदफा (१) को खण्ड (क) मा उल्लेख भएका क्षेत्रहरु मध्ये कुनै एक क्षेत्रमा माग गर्न सक्नेछन्।

(३) प्रदेश सरकारले व्यहोर्ने अंश सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता, आवश्यकता, प्राप्त हुनसक्ने सम्भाव्य उपलब्धी, दीगोपना आदिको आधारमा कूल लागतको बढीमा पचास प्रतिशतसम्म रकम प्रदेश

सरकारले समपुरक अनुदानको रुपमा प्रदान गर्न सक्ने र स्थानीय तहले आयोजनाको कूल लागत जुटाउन देहायका विभिन्न ढाँचामध्ये कुनै ढाँचा अपनाउन सक्नेछन् :-

(क) योजना तथा कार्यक्रमको कूल लागतको केही अंश स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलब्ध गराउने,

(ख) योजना तथा कार्यक्रमको कूल लागतको केही अंश निजी क्षेत्र, सहकारी तथा वित्तीय संस्था, केही अंश सम्बन्धित स्थानीय तहबाट व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलब्ध गराउने,

(ग) योजना तथा कार्यक्रमको कूल लागतको केही अंश आयोजना वा

आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश सरकार प्रदेश नं. २ जनकपुरधाम धनुषा

कार्यक्रमबाट लाभान्वित पक्षबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहबाट व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलव्ध गराउने,

(घ) योजना तथा कार्यक्रमको कूल लागतको केही अंश जनश्रमदान वा जनसहभागिताबाट व्यहोर्ने, केही अंश विभिन्न व्यक्ति, सँगठित संस्था र अन्य क्षेत्रबाट प्राप्त हुन सक्ने वस्तुगत अनुदानबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलव्ध गराउने, र

(ङ) योजना तथा कार्यक्रमको कूल लागतको केही अंश सम्बन्धित क्षेत्रमा रहेका गैर सरकारी संस्थाबाट

प्रचलित कानून बमोजिम प्राप्त हुने सहयोगबाट व्यहोर्ने, केही अंश सम्बन्धित स्थानीय तहले व्यहोर्ने र केही अंश प्रदेश सरकारले उपलव्ध गराउने,

(च) योजना तथा कार्यक्रमको कूल लागतको केही अंश नेपाल सरकार (वैदेशिक सहायतासमेत), केही अंश प्रदेश सरकार र केही अंश सम्बन्धित स्थानीय तहले उपलब्ध गराउने ।

८. <u>सशर्त, विशेष र समपुरक अनुदान रकमको खर्च गर्ने प्रक्रिया सम्बन्धी व्यवस्था:</u> अनुदान प्राप्त गर्ने स्थानीय तहले खर्च गर्दा देहायको प्रकृया अवलम्बन गर्नु पर्नेछ:

(क) अनुदान रकम जुन योजना तथा कार्यक्रमको लागि प्रदान भएको हो

सोही योजना तथा कार्यक्रममा खर्च गर्ने,

(ख) अनुदान बापत प्राप्त रकम खर्च गर्दा प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ तथा सार्वजनिक खरिद ऐनको व्यवस्थाहरुको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी तवरले गर्ने,

(ग) अनुदान बापत प्राप्त रकम अन्यत्र खर्च शीर्षकहरुमा रकमान्तर गर्न नपाइने,

(घ) अनुदान बापत प्राप्त रकमबाट सञ्चालित आयोजना तथा कार्यक्रम तोकिएको समयावधि भित्र सम्पन्न गर्नु पर्ने,

(ङ) अनुदानबाट संचालित आयोजना तथा कार्यक्रमको लागि अनुदान रकम

हस्तान्तरण गर्दा आयोजनाको कार्य प्रगतिको आधारमा चौमासिक रुपमा गरिनु पर्ने,

(च) अनुदानबाट प्राप्त रकमको समयमै आन्तरिक र अन्तिम लेखा परीक्षण गराउनु पर्ने, र

(घ) श्रममुलक, बढीभन्दा बढीलाई रोजगारी दिने, यन्त्र उपकरण प्रयोग नगर्ने हुनु पर्ने ।

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

९. <u>कार्यक्रम छनौट सम्बन्धी व्यवस्थाः</u> स्थानीय तहलाई प्रदान गरिने सशर्त, विशेष र समपुरक अनुदानको आयोजना तथा कार्यक्रम प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयले छनौट गर्दा देहायका बिषयहरु अनिवार्य रुपमा खुलाउनु पर्नेछ :-

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,

(ख) कार्यक्रमको सम्पन्न गर्न लाग्ने समय र लागत इस्टिमेट विवरण,

(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग, क्षेत्र, समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,

(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापन योग्य प्रतिफलको विवरण,

(ङ) समय समयमा प्रदेश सरकारले तोकेका विवरणहरु, र

(च) छनौट भएका योजना तथा कार्यक्रमहरुको जानकारी विषयगत मन्त्रालयले स्थानीय तहमा जानकारी गराउने ।

१०. <u>आयोजनाको सञ्चालन सम्बन्धी व्यवस्थाः</u> स्थानीय तहलाई प्रदेश सरकारबाट प्रदान गरिने सशर्त, विशेष र

समपुरक अनुदानबाट संचालन हुने कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम गर्नु पर्नेछः-

(क) योजना तथा कार्यक्रम संचालन गर्दा सोको पारदर्शिता, एवं प्रभावकारी आन्तरिक नियन्त्रण प्रणालीमा जोड दिने,

(ख) योजना तथा कार्यक्रम संचालन गर्दा कामको गुणस्तरमा विशेष ध्यान पुऱ्याउनको लागि नागरिक समाज एवं लाभान्वित वर्ग र समुदायबाट समेत निगरानी गर्ने व्यवस्था गर्ने, र

(ग) सम्बन्धित स्थानीय तहले योजना तथा कार्यक्रम संचालनको क्रममा कामको गुणस्तर मापन गर्ने संयन्त्र सुदृढ बनाउनु पर्नेछ र आयोजना सम्पन्न भएको छोटो अवधिमा नै त्यसको

गुणस्तरमा ह्रास आएको खण्डमा विषयगत मन्त्रालयले सोको छानविन गरी आवश्यक कारबाही अघि बढाउने

११. <u>बार्षिक बजेटमा समावेश गर्ने सम्बन्धी व्यवस्था:</u> स्थानीय तहले वित्तिय हस्तान्तरण मार्फत प्रदेश सरकारबाट पाउने सशर्त अनुदान, विशेष अनुदान र समपुरक अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रमलाई स्वीकृत गरी वार्षिक बजेटमा समावेश गरी सञ्चालन गर्नु पर्नेछ ।

१२. <u>निवेदन सम्बन्धी व्यवस्था:</u> प्रदेश सरकारबाट आगामी आर्थिक वर्षमा पाउने विशेष अनुदान र समपुरक अनुदानबाट सञ्चालन हुने योजना तथा कार्यक्रम प्रत्येक आर्थिक बर्षको लागि चालु आर्थिक बर्षको माघ मसान्तभित्र र आ.व २०७७/७८ को हकमा असोज मसान्तभित्र अनुसूची -३ बमोजिमको ढाँचामा आर्थिक मामिला तथा योजना मन्त्रालय समक्ष निवेदन दिनुपर्नेछ।

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय जनकपुरधाम, धनुषा

१३. <u>अनुदान रोक्का सम्बन्धी व्यवस्थाः</u> (१) प्रदेश सरकारबाट स्थानीय तहमा प्रदान गरिने अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको रकम देहायको अवस्थामा रोक्का हुनेछः-

(क) स्थानीय तहले संचालित योजना तथा कार्यक्रमको निर्धारित समयमा प्रतिवेदन पेश नगरेमा,

(ख) तोकिएको समयभित्र कार्य सम्पन्न नगरेमा,

(ग) सम्पन्न भएको कार्यको गुणस्तर राम्रो नभएमा, र

(घ) अनुगमन प्रतिवेदनको आधारमा अनुदानबाट सञ्चालन हुने आयोजना निर्दिष्ट उद्धेश्य पूर्ति गर्न असमर्थ रहेको पाइएमा ।

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम धनुषा

(२) स्थानीय तहमा प्रदान गरिने अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रमको अनुगमन विषयगत प्रदेश मन्त्रालय र स्थानीय तहको समन्वयमा गर्नु पर्नेछ ।

(३) अनुदानबाट सञ्चालित आयोजना तथा कार्यक्रम उद्देश्य अनुरुप सञ्चालन नभएमा, काममा गुणस्तर नदेखिएमा, पूर्व निर्धारित समयमै कार्यसम्पन्न भए वा नभएको विषयमा र कुनै कारणले योजना तथा कार्यक्रमलाई परिमार्जन गर्नु परेमा विषयगत मन्त्रालयले निर्देशन दिन सक्ने छ र यस्तो निर्देशनको पालना गर्नु स्थानीय तहको कर्तव्य हुनेछ ।

१४. <u>प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u> प्रदेश सरकारबाट प्राप्त अनुदानबाट स्थानीय तहले सञ्चालन गर्ने आयोजना तथा कार्यक्रमको प्रतिवेदन प्रदेश सरकारको विषयगत मन्त्रालयलाई कार्य सम्पन्न भए लगत्तै अनुसूची - ४ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१५. <u>योजना वा कार्यक्रम कार्यान्वयन सम्बन्धी विशेष व्यवस्थाः</u> (१) यस ऐन बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको विषयगत मन्त्रालयले स्थानीय तहबाट कार्यक्रम कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(२) यस ऐन बमोजिम स्थानीय तहमा सशर्त अनुदान अन्तर्गतको योजना वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम माग भई आएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले त्यस्तो योजना वा कार्यक्रमको प्रगतिको आधारमा थप रकम उपलब्ध गराउने गरी निर्णय गर्न सक्नेछ ।

(३) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम

स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन आवश्यक ठानेमा विषयगत मन्त्रालयको सिफारिसमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको स्वीकृति लिई सम्बन्धित स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२ ) र (३) बमोजिमको निर्णयको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश सरकारको विषयगत मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित स्थानीय तहलाई दिनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम स्थानीय तहले कार्यान्वयन गर्ने वा उपदफा (२ ) बमोजिम थप रकम उपलब्ध गराउने निर्णय प्राप्त भएमा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने

अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा स्थानीय तहको कार्यालयलाई प्रादेशिक निकायको रुपमा कार्यालय कोड दिई सोही कोडबाट प्रचलित प्रदेश कानून बमोजिमको रकम निकासा दिनु पर्नेछ ।

(६) उपदफा (३) बमोजिम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय प्राप्त भएमा स्थानीय तहको योजना तथा कार्यक्रमको हकमा कोष तथा लेखा नियन्त्रक कार्यालयले त्यस्तो निर्णयलाई खर्च गर्ने अख्तियारी मानी प्रदेशको एकल खाता कोष प्रणालीमा स्थानीय निकायको रुपमा कार्यालय कोड दिई रकम निकासा दिनु पर्नेछ ।

(७) उपदफा (३) बमोजिम संघको योजना तथा कार्यक्रम प्रदेश सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय भएमा संघले प्रादेशिक निकायको नाममा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई को रुपमा रहेको कार्य

सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ ।

१६. **लेखाङ्कन, प्रतिवेदन तथा लेखा परीक्षण समबन्धी व्यवस्थाः** (१) यस ऐन बमोजिम एक तहको बजेट तथा कार्यक्रममा समावेश भएको कुनै योजना वा कार्यक्रम अर्को तहबाट कार्यान्वयन गर्दा रकम विनियोजन भएको तहको खर्च इकाईको रुपमा प्रचलित कानूनले तोके बमोजिमको लेखा राखी आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई त्यस्तो आर्थिक विवरण रकम विनियोजन भएको तहमा पठाउनु पर्नेछ।

(३) नेपाल सरकारबाट प्रदेश सरकारलाई वित्तिय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै योजना तथा

कार्यक्रम प्रदेश तथा स्थानीय तहले कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारबाट निर्दिष्ट ढाँचामा खर्च गर्ने निकायले छुट्टै अभिलेख राखी निर्धारित समयमा सम्बन्धित मन्त्रालय, सोधभर्ना माग गर्ने निकाय, प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रतिवेदन पेश नभएको कारणबाट खर्च रकम सोधभर्ना हुन नसकेमा यसरी सोधभर्ना हुन नसकेको बरावरको रकम दफा ४ उपदफा १२ बमोजिम कट्टा गरी समायोजन गरिनेछ ।

१७. <u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था:</u> (१) प्रदेश सरकार तथा स्थानीय तहले आफुले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ ।

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहाय बमोजिमको व्यवस्था समावेश हुने गरी बनाउनु पर्नेछः-

(क) नेपाल सरकार तथा प्रदेश सरकारको आर्थिक र वित्तीय नीतिको अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

प्रचलित कानूनले निर्धारण गरे बमोजिमको आय व्ययको वर्गीकरण, लेखाङ्कन तथा लेखा प्रणाली लागू गर्नु पर्ने ।

१८. **अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिन देखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले प्रन्ध्र दिनभित्र

विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायलाई बाँडफाँड गरी त्यसको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँडबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ ।

(५) प्रदेश सम्बन्धी प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ । त्यस्तो कार्यक्रमको विनियोजित रकम प्राप्त गर्ने निकायको प्रमुखलाई खर्च गर्ने अख्तियारी प्राप्त भएको मानिनेछ ।

(६) उपदफा (५) बमोजिम प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम

संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिनु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनमा संशोधन गर्न बाधा पुगेको मानिने छैन ।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनुपर्नेछ ।

१९. <u>बिशेष व्यवस्थाः</u> अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक बर्ष २०७५/०७६ मा कार्य सम्पन्न भई भुक्तानी दिन बाँकी रहेको विकास कार्यक्रमहरुको हकमा कार्य सम्पन्नताको आधारमा भुक्तानी दिइनेछ ।

२०. <u>कार्यविधि, मापदण्ड तथा मार्गदर्शन बनाउन सक्ने सम्बन्धी व्यबस्थाः</u> (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२ ) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

(३) यस ऐन बमोजिम विनियोजन भएको रकम खर्च गर्ने ब्यवस्थाका सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ ।

२१. <u>आदेश जारी गर्न सक्ने सम्बन्धी व्यवस्थाः</u> यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा प्रदेश

सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ।

२२. <u>खारेजीः</u> देहाय बमोजिमको कार्यविधि खारेज गरिएकोछः-

(क) प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०७५

(ख) प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५

(ग) प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५

(घ) सरकारी, अर्ध सरकारी तथा गैर सरकारी संस्थाहरुलाई दिइने अनुदान सम्बन्धी निर्देशिका, २०७५

# अनुसूची - १
## दफा २ सँग सम्बन्धित
## (नेपालको संविधान बमोजिम )
## प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | मन्त्रालय /निकाय को नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तिय व्यवस्था | कुल बजेट |
| १ | २०२ | प्रदेश सभा | ९३,५६ | - | - | ९३,५६ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ४३,६३ | | - | ४३,६३ |
| ३ | ५०२ | अर्थ-आन्तरिक ऋण भुक्तानी | १०,००,०० | - | १६,००,०० | २६,००,०० |
| ४ | ६०२ | अर्थ विविध | १,००,०० | - | - | १,००,०० |
| कुल जम्मा | | | १२,३७,१९ | - | १६,००,०० | २८,३७,१९ |

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

# अनुसूची -२
## ( दफा २ र ३ सँग सम्बन्धित )
## <u>प्रदेश सञ्चित कोषबाट विनियोजन हुने रकम</u>

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.स. | अनुदान संख्या र उपशीर्षक संकेत संख्या | शीर्षकको नाम | चालु तर्फ | पूँजीगत तर्फ | वित्तिय व्यवस्था | कुल बजेट |
| १ | २०२ | प्रदेश व्यवस्थापिका सचिवालय | ३४,०४,१८ | ९,१९,०० | ० | ४३,२३,१८ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | २,३७,९६ | ४२,६१ | ० | २,८०,५७ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ३,८९,२१ | ९०,०० | ० | ४,७९,२१ |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को | १,२९,८४,५० | ३,३३,१३,२९ | ० | ४,६२,९७,७९ |

आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कार्याल | | | | |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २५,३४,६७ | २,२६,३० | ० | २७,६०,९७ |
| ६ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १,२४,५७,०८ | २,००,४८,९९ | ० | ३,२५,०६,०७ |
| ७ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २,००,८९,८० | १,२६,०९,८९ | ० | ३,२६,९९,६९ |
| ८ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २२,१०,७१ | ७२,८६,१७ | ० | ९४,९६,८८ |
| ९ | ३३७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १,७६,४२,७८ | ७,२५,१९,४० | ० | ९,०१,६२,१८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | ३५० | सामाजिक विकास मन्त्रालय | ३,१९,६९,६६ | २,०२,०८,८९ | ० | ५,२१,७८,५५ |
| ११ | ३९१ | प्रदेश नीति तथा योजना आयोग | ३,९९,२४ | ३०,३८ | ० | ४,२९,६२ |
| १२ | ६०१ | कर्मचारी सुविधा तथा सेवा निवृत्त सुविधा | १०,०० | ० | ० | १०,०० |
| १३ | ६०२ | अर्थ विविध | २,०३,००,०० | १,२४,८७,९९ | ० | ३,२७,८७,९९ |
| १४ | ८०१ | स्थानीय तह | २,८३,६०,०० | ० | ० | २,८३,६०,०० |
| कुल जम्मा | | | १५,२९,८९,७९ | १७,९७,८२,९१ | | ३,३२,७७२,७० |

# अनुसूची -३

( दफा ६ र ७ सँग सम्बन्धित )

## अनुदानको लागि कार्यक्रम पेश गर्ने निवेदन फारम

अनुदानको किसिमः-

| समपुरक | विशेष |
|---|---|
| | |

१. कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नाम :-

२. जिल्ला :-

३. वडा नम्बर :-

४. फोन, फ्याक्स र इमेल :-

५. कार्यक्रम वा आयोजनाको नाम :-

६. कार्यक्रम वा आयोजनाको छोटकरी विवरणः-

७. कार्यक्रम वा आयोजना सम्पन्न गर्न लाग्ने समय :-

८. कार्यक्रम वा आयोजनाबाट लाभान्वित संभाव्य जनसंख्या :-

९. कार्यक्रम र आयोजनाको कूल लागत रु. :-

१०. स्थानीय तहको सभाले पारित गरेको मितिः-

११. कुल लागतमा स्थानीय तहको रकम/ प्रतिशतः-

१२ . अन्य निजी तथा गैर सरकारी क्षेत्रको रकम/ प्रतिशतः-

१३. प्रदेश सरकारले प्रदान गर्ने रकम/ प्रतिशतः-

१४. उल्लिखित विषयहरु :-

(क) कार्यक्रमको आवश्यकता र औचित्यता,
(ख) कार्यक्रमको सम्पन्न गर्न लाग्ने समय र लागत इस्टिमेट विवरण,
(ग) कार्यक्रमबाट लाभान्वित हुने वर्ग क्षेत्र समुदाय र कूल लाभान्वित जनसंख्याको अनुपात,
(घ) कार्यक्रम सम्पन्न भए पछि प्राप्त हुने सम्भाव्य मापन योग्य प्रतिफलको विवरण,
(ङ) समय समयमा प्रदेश सरकारले तोकेका विवरणहरु

आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश सरकार
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

संलग्न आवश्यक कागजातहरु :

१. ...............................

२ . ...............................

**तयार गर्ने**

**स्वीकृत गर्ने**

आधिकारिक दस्तखत :

आधिकारिक दस्तखत :-

पद :-

पद :-

मिति :-

मिति :-

अनुसूची - ४

( दफा १४ सँग सम्बन्धित )

**<u>प्रगति प्रतिवेदनको ढाँचा</u>**

अनुदानको किसिमः

योजना/कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहको नामः

ठेगानाः-

सम्पर्क नंः-

| क्र.सं | योजनाको नाम | कार्यक्रम सञ्चालन भएको स्थान | स्वीकृत बजेट | .......... अवधिको लक्ष्य | | ............ अवधिको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

दस्तखत :

नाम :

पद :

मिति :

नेपालको संविधानको धारा २०१ को उपधारा (१) बमोजिम प्रदेश सभावाट मिति २०७७।३।२८ मा पारित भएको यो अर्थ विधेयक प्रमाणित गर्दछु ।

.......................................

(मा. सरोज कुमार यादव)

सभामुख